# स्थानीय राजपत्र

गन्यापधुरा गाउँपालिकाद्वारा प्रकाशित

खण्डः२) गन्यापधुरा, डडेल्धुरा, माघ २४ गते, २०७५ साल (संख्याः११


## भाग-२

## गन्यापधुरा गाउँपालिका गणेशपुर,डडेल्धुराको सूचना

गन्यापधुरा गाउँपालिका गाउँकार्यपालिकाको मिति२०७५।१०।२४ गतेको बैठकबाट निर्णय भई प्रमाणिकरण भएको अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि,२०७५ सर्वसाधारणको जानकारीकोलागि यो सूचना प्रकाशन गरिएको छ ।

**अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५**

कार्यपालिकाबाट पारित मिति २०७५।१०।२४

प्रथम संशोधन भएको मिति २०८०।०२।१४

नेपालको संविधान, अपांगता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी ऐन, २०७४ तथा संयुक्त राष्ट्र संघले पारित गरी नेपाल सरकारले हस्ताक्षर समेत गरि सकेको अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी महासन्धी, २००६ (Convention on the Rights of persons with Disabilities (CRPD) को उद्देश्य, मर्म र भावना बमोजिम अपांगता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि बनाउन वाञ्छनीय भएकोले अपांगता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी ऐन, २०७४ को दफा ६१ ले दिएको अधिकारको प्रयोग गरि गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७५।१०।२४ गतेको वैठकबाट पारित गरि यो कार्यविधि जारी गरिएको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम अपाङ्गगता भएका व्यक्तिको परिचय वितरण कार्यविधि, २०७५ रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको वैठकबाट पारित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन, २०७४ (पहिलो संसोधन, २०७५ समेत) सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन, २०७४ अनुसार बन्ने नियमावली सम्झनु पर्दछ ।

(ग) "स्थानीय तह" भन्नाले गन्यापधुरा गाउँपालिका सम्झनु पर्दछ ।

(घ) “वडा कार्यालय” भन्नाले गन्यापधुरा गाउँपालिकाको वडा कार्यालय सम्झनु पर्दछ ।

(ङ) “समन्वय समिति” भन्नाले अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन, २०७४ (पहिलो संसोधन २०७५ समेत) को दफा ४२ बमोजिमको स्थानीय समन्वय समिति सम्झनु पर्दछ ।

**परिच्छेद २**

**उद्देश्य र मापदण्ड**

**३. उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन :

(क) बिभिन्न प्रकारका अपांगता गाउँपालिका भित्रका नेपाली नागरिकहरुको पहिचान गरी उनीहरुलाई सेवा सुविधामा पहुँच स्थापित गर्न, त्यस्ता सेवा सुविधाहरुको लागि योजना निर्माण गर्न र स्थानीय तह देखि नैं विभिन्न प्रकारका अपांगता भएका व्यक्तिहरुको वगिकृत लगत राख्न सहज तुल्याउने ।

(ख) अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन र अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी अन्तराष्ट्रिय महासन्धी, २००६ (CRPD) मा नेपाल सरकारले जनाएको प्रतिवद्धता बमोजिम अपांगता भएका व्यक्तिहरुलाई प्राथमिकताको आधारमा सेवा सुविधाहरु उपलव्ध गराउन सहज बनाउने ।

(ग) अपांगताको प्रकृति, वर्गिकरण र अवस्थाका आधारमा अपांगता भएका व्यक्तिले पाउने सेवा, सुविधा र अवसरको प्राथमिकिकरण गर्न सहयोग गर्ने ।

**४. परिचय वितरणको मापदण्ड देहाय बमोजिम रहेका छन :**

अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐनको अनुसूचिमा प्रकृतिको आधारमा अपांगता १० (दस) प्रकारमा वर्गिकरण गरिएको छ । अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐनको अनुसूचिमा उल्लेखित गाम्भीर्यताका आधारमा भएको अपांगताको वर्गिकरण गरि  देहायका चार समूहका परिचय वितरण गरिनेछ ।

**(क) पूर्ण अशक्त अपांगताः**

तल उल्लेखित अवस्थाका व्यक्तिहरुलाई क वर्गको परिचय उपलव्ध गराईने छ जुन रातो रंगको पृष्ठभूमिमा जारी गरिनेछ ।

१. व्यक्तिको शारिरिक, मानसिक वा ईन्द्रिय सम्वन्धी प्रणालीहरुमा भएको क्षति र यसले ल्याएको कार्यगत विचलनको अवस्था असाध्यै गम्भिर भई अरुको सहयोग लिएर पनि दैनिक जीवन सम्पादन गर्न असाध्यै कठिन हुने व्यक्ति ।

२. सामान्य भन्दा समान्य दैनिक क्रियाकलाप पनि स्वयम गर्न नसक्ने र अन्य व्यक्तिहरुको सहयोग आवश्यक पर्ने, तीव्र वौद्धिक अपांगता भएका व्यक्तिहरु, तिव्र रुपमा अटिज्म प्रभावित व्यक्ति, पूर्ण रुपमा श्रवण दृष्टिविहिन व्यक्तिहरु ।

३. दुई वा सो भन्दा बढि प्रकारका शारिरिक, मानसिक वा ईन्द्रिय सम्वन्धी क्षति भई सवै जसो दैनिक क्रियाकलापहरु अन्य व्यक्तिकै सहयोगमा गर्नु पर्ने अवस्थाका व्यक्तिहरु ।

४.निरन्तर रुपमा सघन हेरचाह (स्याहार सुसार) को आवश्यक्ता परि रहने शारिरिक अपांगता भएका व्यक्ति वा मनोसामाजिक अपांगता भएका व्यक्तिहरु।

**(ख) अति अशक्त अपांगता**

तल उल्लेखित अवस्थाका व्यक्तिहरुलाई ख वर्गको परिचयपत्र उपलव्ध गराईनेछ जुन निलो रंगको पृष्ठभूमिमा जारी गरिनेछ।

(१) शारिरिक, मानसिक वा ईन्द्रिय सम्वन्धी क्षति वा विचलन भएता पनि निरन्तर वा अधिकांश समय सहयोगी, दोभाषे वा मानव पथप्रदर्शक आदीको सहयोगमा आफनो दैनिक क्रियाकलापहरु लगायत हिडडुल र सञ्चार गर्न कठिनाई हुने व्यक्तिहरु।

(२) मष्तिस्क पक्षघात, मेरुदण्डमा चोटपटक वा पक्षघात, हेमोफोविया, माँसपेशी सम्वन्धी समस्या वा विचलन लगायत अन्य विभिन्न कारण शरिको ढाड, हात, गोडा, कम्मर आदी काम गर्न नसकी दैनिक आवागमनको लागि ह्वेलचियर प्रयोग गर्नु पर्ने अवस्थाका व्यक्तिहरु।

(३) दुवै हातकुम देखि वा पाखुरा मुनीको भाग गुमाएका वा हात नचल्ने वा गुमाएका, विभिन्न कारण दुवै हात वा गोडा गुमाएका वा नचल्ने, कम्मर भन्दा मुनीको भाग गुमाएका वा नचल्ने, दुवै गोडा पूर्ण क्रियाशील नभई बैशाखीको प्रयोग गर्ने व्यक्तिहरु।

(४) दृष्टिविहिन र पूर्णदृष्टिविहिनको परिभाषा अन्तर्गत पर्ने व्यक्तिहरु।

(५) संचारको लागि निरन्तर दोभाषेको आवश्यक्ता पर्ने, पूर्ण रुपमा कान सुन्न नसक्ने (बहिरा), दैनिक जीवनका क्रियाकलापहरु स्वयं गर्न नसक्ने, सिकाईमा समस्या भएका बौद्धिक अपांगता वा अटिज्म भएका व्यक्तिहरु, निरन्तर अरुको सहयोग लिईरहनु बहुअपांगता भएका व्यक्तिहरु।

**(ग) मध्यम अपांगता**

तल उल्लेखित अवस्थाका व्यक्तिहरुलाई ग वर्गको परिचयपत्र उपलव्ध गराईनेछ जुन पहिलो रंगको पृष्ठभूमिमा जारी गरिनेछ।

१. कृत्रिम अंग, क्यालिपर, विशेष प्रकारका जुत्ता जस्ता सहायक सामग्रीको प्रयोगबाट सामान्य हिडडुल लगायत दैनिक जीवनका क्रियाकलापहरु स्वयं गर्न नसक्ने।

२. बिभिन्न कारण घुडामुनीको अंगमा मात्र प्रभाव परेको तर सहायक सामग्रीको प्रयोग नगरी पनि सामान्य हिडडुल गर्न सक्ने।

३. कुम वा पाखुरा भन्दा मुनी एक हात गुमाएका वा हात नचल्ने वा हातले गर्ने काम गर्न नसक्ने।

४. दुवै हातको हत्केला भन्दा मुनिका कम्तिमा बुढी औंला र चोर औंला गुमाएका।

५. दुवै गोडाको कुर्कुच्चा भन्दा मुनिको भाग नभएका तर सामान्य हिडडुल गर्न नसक्ने।

६. मेरुदण्डमा समस्या भई ढाड कुप्रिएका।

७. सिकाईमा ढिलाई भएका दैनिक क्रियाकलाप स्वयं गर्न सक्ने बौद्धिक अपांगता र अटिज्म भएका व्यक्तिहरु

८. श्रवण यन्त्रको प्रयोगबाट वा ठुलो आवाज मात्र सुन्न सक्ने सुस्त श्रवण व्यक्तिहरु।

९. शल्यक्रियाबाट स्वरयन्त्र झिकी घाँटीको नलीबाट मात्र बोल्नु पर्ने अवस्था भएका व्यक्तिहरु।

१०. ओठतालु फाटेको कारण बोली अस्पस्ट भएका व्यक्तिहरु

११. बोल्दा शव्द अडकिने वा अक्षर दोहोर्याउने समस्या तिव्र भएका भकभके व्यक्तिहरु

१२. तीन फिट भन्दा मुनिका होचा पुड्का व्यक्तिहरु

१३. चस्मा वा श्रवण यन्त्र दुवै प्रयोग गर्ने श्रवण दृष्टिविहिन व्यक्तिहरु, लेन्स वा म्याग्रीफायरको प्रयोगबाट मात्र पढ्न सक्ने न्यून दुरदृष्टि भएका व्यक्तिहरु।

१४. अनुवंशिय रक्तश्राव ( हेमोफोविया) सम्वन्धी समस्या भई दैनिक हिडडुलमा कठिनाई हुने व्यक्तिहरु।

१५. मानसिक वा मनोसामाजिक अपांगता भएका व्यक्तिहरु।

**(घ) सामान्य अपांगता**

तल उल्लेखित अवस्थाका व्यक्तिहरुलाई घ वर्गको परिचय उपलव्ध गराईने छ जुन सेतो रंगको पृष्ठभूमिमा जारी गरिनेछ।

१. शारिरिक, मानसिक वा ईन्द्रिय सम्वन्धी सामान्य विचलन भएका तर दैनिक जीवनका क्रियाकलापहरु स्वयं सम्पादन गर्न सक्ने।

२. हात वा खुट्टा कही छोटो भएका, एक हातको हत्केला भन्दा मुनी नचल्ने वा गुमाएका, एक हातको हत्केला भन्दा मुनीका कम्तिमा बुढि औंला र चोरी औंला गुमाएका वा दुवै हातको हत्केला मुनिका कम्तिमा बुढि औंला र चोरी औंला भएका व्यक्तिहरु।

३. ठुलो अक्षर पढ्न सक्ने न्यून दृष्टिय व्यक्तिहरु

४. दुवै गोडाको सवै औंलाका भागहरु नभएका

५.श्रवण यन्त्र लगाई ठुलो आवज सुन्ने तर बोली स्पस्ट भएका सुस्त श्रवण व्यक्तिहरु

## परिच्छेद ३

## परिचयपत्रको ढाँचा र समन्वय समिति

**५. अपांगता भएको व्यक्तिहरुको परिचय पत्रको ढाँचा देहाय बमोजिम हुनेछ।**

परिचय पत्र बाहक व्यक्तिको व्यक्तिगत विवरण स्पस्ट हुने गरी नागरिकताको प्रमाणपत्रको ढाँचामा यस कार्यविधिको अनुसूचि २ बमोजिम एकापट्टी नेपाली भाषामा र अर्को पट्टी अंग्रेजी भाषामा लेखिएको माथि दफा ४ मा उल्लेखित मापदण्ड अनुसार एक पृष्ठको परिचय पत्र गाम्भीर्यताको आधारमा गराएका चार वर्गका अपांगता भएका व्यक्तिलाई चार फरक रंगमा उपलव्ध गराईने छ।

**६. समन्वय समिति सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ।**

१. अपांगता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी ऐन, २०७४ को दफा ४२ अनुसार अपांगता परिचय पत्र वितरण गर्ने समेत कार्यका लागि गाउँपालिकामा देहाय बमोजिमको **स्थानीय समन्वय समिति** रहनेछ :

(क) गाउँपालिकाको उपाध्यक्ष: संयोजक

(ख) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक: सदस्य

(ग) गाउँ कार्यपालिकाका महिला सदस्य मध्येबाट गाउँ कार्यपालिकाले तोकेको महिला सदस्य: सदस्य

(घ) गाउँपालिका भित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँपालिकाको अध्यक्षले तोकेको व्यक्ति: सदस्य

(ङ) गाउँपालिकाको अध्यक्षले तोकेको [1]स्वास्थ्य संयोजक वा स्थानीय स्वास्थ्य चौकी प्रमुख वा अस्पतालको चिकित्सक: सदस्य

(च) स्थानीय प्रहरी कार्यालयको प्रमुख: सदस्य

(छ) अपांगता भएका व्यक्तिहरुको हक हित संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघसंस्थाहरु मध्येबाट गाउँपालिकाको प्रमुखले मनोनित गरेको संस्थाको प्रतिनिधि: सदस्य

(ज) गाउँपालिका भित्रका अपांगता भएका व्यक्तिहरु मध्येबाट समन्वय समितिले मनोनित गरेको एक जना महिला सहित तीन जना: सदस्य

(झ) महिला, वालवालिका तथा सामाजिक विकास शाखा हर्ने प्रमुख: सदस्य-सचिव

(२) स्थानीय समन्वय समितिले अपांगता परिचय वितरणका लागि सिफारिस गर्ने कामका साथै ऐनको दफा ४३(च) बमोजिम परिचयपत्र सम्वन्धी कानूनी, संरचनागत तथा अन्य सुधार गर्नु पर्ने विषयमा प्रदेशको सामाजिक विकास मन्त्रालय, महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय लगायत सम्वन्धित निकायमा लेखि पठाउनु पर्नेछ।

## परिच्छेद ४

## परिचय पत्र वितरण

**७. परिचय वितरण प्रक्रिया देहाय बमोजिम हुनेछ।**

(क) अपांगता भएका व्यक्तिको स्थायी ठेगाना भएको स्थानीय तहको वडा कार्यालयमा अपांगता भएका व्यक्ति स्वयम, निजका अभिभावक वा संरक्षकले अनुसूचि १ बमोजिमको ढाँचामा परिचय प्राप्तीका लागि सवै पुष्ट्याई गर्ने कागजातहरु २ प्रति समावेश गरि निवेदन दिनु पर्नेछ।

(ख) दरखास्तमा आफ्नो नाम, स्थायी ठेगाना, उमेर, अपांगता खुलेको लिखित प्रमाणित प्रतिलिपि, पासपोर्ट साईजको ( सम्भव भए सम्म अपांगता देखिने गरि खिचिएको) फोटो, अशक्तता, गाम्भिर्यता अवस्था र शरिरका अंगहरुले गर्ने काममा

[1] अपाङ्गगता भएका व्यक्तिको परिचय वितरण कार्यविधि, २०७५ (प्रथम संशोधन) २०८० बाट संशोधित

आएको समस्या वा दैनिक क्रियाकलापमा हुने सिमितताहरुको विवरण संलग्न हुनु पर्नेछ। यस प्रयोजनका लागि जन्मदर्ता प्रमाणपत्र वा नागरिकताको प्रमाणपत्र वा जग्गा धनी प्रमाण पूर्जा वा शैक्षिक योग्यताको प्रमाणपत्र वा मतदाता परिचय पत्र वा अपांगताको आधारमा कुनै जागिरेमा रहेको भए नियुक्ति पत्र वा त्यस्तो संस्थाले दिएको प्रमाणपत्र वा जिल्ला प्रहरी कार्यालयमा दर्ता भएको अपांगता सम्वन्धी कार्य गर्ने संघसंस्थाले गरेको सिफारिस मध्ये कुनै एक वा यस्तै विश्वास हुन सक्ने आधार दिने अन्य प्रमाणित लिखतलाई आधार मानिनेछ।

(ग) रित पुगि आएको निवेदनमा वडा कार्यालयले निवेदन प्राप्त भएको मितिले बढिमा ३ दिन भित्र निवेदकले पेश गरेका कागजातहरुको एक प्रति वडा कार्यालयमा राखि वडा कार्यालयको सिफारिस सहित एक प्रति गाउँपालिकामा पठाउनु पर्दछ।

(घ) सम्वन्धित व्यक्तिले पेश गरेको निवेदन उपर कुनै कागजात वा प्रमाण नपुगी परिचय पत्रका लागि सिफारिस गर्न उपयुक्त नदेखिएमा सो व्यहोरा निवेदकलाई ३ दिन भित्रमा जानकारी दिनु पर्नेछ।

(ङ) वडा कार्यालयले सिफारिस गर्न नसकिने भनि दिएको जानकारी निवेदकलाई चित्त नबुझेमा सूचना पाएको १५ दिन भित्रमा सम्वन्धित स्थानीय तह समक्ष निवेदन दिन सकिनेछ।

(च) यसरी प्राप्त भएको निवेदन समेत समावेश राखि स्थानीय समन्वय समितिको वैठकमा पेश गर्नु पर्दछ। निवेदकले पेश गरेका कागजात र अन्य सम्भाव्य प्रमाणका आधारमा निजले परिचय पत्र पाउने देखियो भनि स्थानीय समन्वय समितिले सिफारिस गरेमा निजलाई परिचय पत्र वितरण गरि त्यसको जानकारी निवेदक तथा वडा कार्यालयलाई समेत दिनु पर्नेछ।

(छ) परिचय पत्रका लागि सिफारिस गर्न कुनै कठिनाई परेमा वडा कार्यालयले चिकित्सक/विशेषज्ञ वा अपांगता भएका व्यक्तिका संस्थाका प्रतिनिधि संग रायपरामर्श लिन सक्नेछ।

(ज) सामान्यतया अपांगता भएका व्यक्ति स्वयमले आफ्नो परिचय पत्र बुझि लिनु पर्दछ। अति अशक्त वा पूर्ण अशक्त अपांगता भएको कारण परिचय पत्र बुझि लिन आउन नसक्ने भएमा वडा कार्यालयको सिफारिसमा परिवारको सदस्य, संरक्षक वा निजको वसोवास गर्ने स्थानीय वडाका पदाधिकारीले निजलाई बुझाउने गरी बुझि लिन सक्नेछ।

(झ) परिचय प्राप्त व्यक्तिहरुको वर्गिकृत लागत गाउँपालिकाले कम्प्युटराईज गरि आफ्नो कार्यालयमा राखि चौमासिक रुपमा प्रदेश र संघको सम्वन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ।

(ञ) समन्वय समितिले परिचय पत्र दिने भनि ठहर गरेका व्यक्तिलाई गाउँपालिकाको कार्यालयले अनुसूचि २ बमोजिमको परिचय पत्र (अपांगता भएका व्यक्तिहरुलाई) निःशुल्क उपलव्ध गराउनु पर्नेछ।

(ट) परिचयपत्रमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको हस्ताक्षर हुनेछ।

(ठ) प्रत्यक्ष रुपमा देखिने वा अवलोकन गर्न सकिने शारिरिक, मानशिक वा ईन्द्रिय सम्वन्धी क्षतिको हकमा परिचय पत्र प्रदान गर्ने अधिकारीले अवलोकन गरी तत्काल उपयुक्त परिचय पत्र उपलव्ध गराउनु पर्नेछ।

(ड) प्रत्यक्ष रुपमा नदेखिने वा अवलोकन गर्न नसकिने शारिरिक, मानसिक वा ईन्द्रिय सम्वन्धी क्षति भएका वा प्रष्ट रुपमा छुट्याउन समस्या भएका अपांगता भएका व्यक्तिका हकमा समन्वय समितिमा पेश गरि समितिको सिफारिसको आधारमा परिचय पत्र वितरण गर्नु पर्नेछ।

**८. अन्य स्थानीय तहबाट परिचयपत्र वितरण गर्ने**

स्थानीय ठेगानामा बसोवास नभएका र विभिन्न अवरोध तथा शारिरिक वा मानसिक अवस्थाको गाम्भिर्यताको कारण आफ्नो स्थायी वसोवास भएको जिल्लामा गई अपांगता परिचयपत्र प्राप्त गर्न असमर्थ व्यक्तिहरुको लागि निजको स्थायी वसोवास भएको स्थानको सम्वन्धित स्थानीय तहबाट परिचयपत्र नलिएको सुनिश्चिता भएमा दफा ५ को प्रकृया पुरा गरि परिचय पत्र प्रदान गर्न सम्वन्धित स्थानीय तहलाई जानकारी गराउन सक्नेछ ।

**९. प्रतिलिपि सम्वन्धी व्यवस्था**

(१) परिचय पत्र हराई, नासिई वा विग्रिई परिचय पत्रको प्रतिलिपि लिन पर्ने भएमा आफ्नो स्थानीय ठेगाना भएको स्थानीय तहको वडा कार्यालयमा यथार्थ विवरण र कारण खुलाई सिफारिसका लागि निवेदन दिनु पर्नेछ ।

(२) वडा कार्यालयले सवै व्यहोरा बुझि निवेदकको माग मनासिव देखिएमा परिचय पत्रको प्रतिलिपि उपलव्ध गराउन प्राप्त निवेदन तथा अन्य कागजातको प्रतिलिपि वडा कार्यालयमा राखि निवेदकले पेश गरेको सक्कली कागजात सहित सिफारिस गरि गाउँपालिकामा पठाउनु पर्नेछ ।

(३) स्थानीय तहले सिफारिस सहित प्राप्त भएको निवेदन अपांगताको प्रकृति अनुसार स्थानीय समन्वय समितिमा पेश गरी समितिको निर्णय अनुसार अपांगता परिचयपत्रको प्रतिलिपि निःशुल्क उपलव्ध गराउनु पर्नेछ ।

(४) प्रतिलिपिका लागि प्राप्त भएको निवेदनका विषयमा सो परिचयपत्र बाहेक व्यक्तिले पहिले प्राप्त गरेको परिचयपत्रमा हेरफेर गर्नु पर्ने देखिएमा स्थानीय समन्वय समितिमा पेश गरी सो समितिबाट प्राप्त निर्देशन अनुसार गर्नु पर्नेछ ।

**१०. सजायको व्यवस्था :** यस कार्यविधिको प्रतिकुल कार्य भएमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम सजाय हुनेछ ।

**११. अभिलेख सम्वन्धि व्यवस्था :**

(१) सम्वन्धित वडा कार्यालयले आफ्नो क्षेत्रमा भएका कुल अपांगता भएका व्यक्तिहरु तथा अपांगता भएका व्यक्तिहरु मध्ये परिचयपत्र पाएका व्यक्तिहरुको अपांगताको प्रकृति र गाम्भिर्यता लगायत अन्य आवश्यक विवरण खुल्ने गरि नियमित रुपमा अध्यावधिक गरि त्यसको चौमासिक विवरण तयार गरी नियमित रुपमा आफ्नो गाउँपालिका तथा जिल्ला समन्वय समितिलाई समेत पठाउनु पर्नेछ ।

(२) स्थानीय तहले परिचयपत्र वितरण गरे पछि यसको जानकारी परिचयपत्र प्राप्त गर्ने व्यक्तिको स्थायी ठेगाना भएको वडा कार्यालयलाई दिनु पर्नेछ ।

(३) गाउँपालिकाको आफ्नो क्षेत्र भित्र रहेका कुल अपांगता भएका व्यक्तिहरु तथा अपांगता परिचयपत्र पाएका व्यक्तिहरुको अभिलेख राखि त्यसको चौमासिक प्रतिवेदन प्रदेशको सामाजिक विकास मन्त्रालय, महिला वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

## परिच्छेद ५

## विविध

**१२. विविध :**

(१) सवै स्थानीय तहले आ आफ्नो क्षेत्राधिकार भित्र रहेका विकट तथा दुर्गम गाउँहरुमा रहेका अपांगता भएका व्यक्तिहरुका लागि अपांगता परिचयपत्र लगायतका सेवा सरल तवरले उपलव्ध गराउन कम्तिमा वर्षमा एक पटक ति ठाउँहरुमा परिचयपत्र वितरण सम्वन्धि घुम्ति शिविर सञ्चालन गर्नु पर्नेछ।

(२) यो कार्यविधि लागु हुनु अगाडी प्राप्त गरेको अपांगता परिचय पत्र सम्वन्धित गाउँपालिकामा बुझाई कार्यविधि जारी भएको मितिले एक वर्ष भित्रमा यस कार्यविधि बमोजिमको परिचय पत्र लिनु पर्नेछ। यस अघि जारी भएका परिचय पत्र एक वर्ष पछि स्वतः मान्य हुने छैन।

(३) यस कार्यविधिमा भएको प्रावधान अपांगता भएका व्यक्तिहरुको अधिकार सम्वन्धि ऐन र अन्य प्रचलित कानून संग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

(४) अपांग परिचय पत्र वितरण सम्वन्धमा यस कार्यविधिमा उल्लेख नभएको विषयमा अपांगता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी ऐन र अन्य प्रचलित कानून बमोजिम हुनेछ।

(५) अपांग परिचयपत्र वितरण निर्देशिका, २०६५ बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

[2](६) ×--×

[3]"**१३. संशोधन तथा बाधा अड्काउ फुकाउः** १) यस कार्यविधिलाई गाउँ कार्यापालिकाले आवश्यकता अनुसार परिमार्जन, संशोधन र खारेजी गर्न सक्नेछ।

२) यस कार्यविधिका उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्छ र त्यस्तो आदेश यसै कार्यविधि बमोजिम भएको मानिनेछ।"

---

[2] अपाङ्गगता भएका व्यक्तिको परिचय वितरण कार्यविधि, २०७५ (प्रथम संशोधन) २०८० बाट संशोधित

[3] अपाङ्गगता भएका व्यक्तिको परिचय वितरण कार्यविधि, २०७५ (प्रथम संशोधन) २०८० बाट संशोधित

अनुसूचि १

अपांगता भएका व्यक्तिले परिचयपत्र पाउनको लागि दिने निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू

गन्यापधुरा गाउँपालिका, डडेल्धुरा।

मार्फत

............नं. वडा कार्यालय, डडेल्धुरा।

विषय : अपांगता भएका व्यक्तिको परिचय पत्र पाउँ।

महोदय,

म अपांगता भएका व्यक्तिको परिचय पत्र पाउन योग्य भएकोले निम्न लिखित विवरण राखि परिचय पत्र पाउन यो निवेदन पेश गरेको छु। मैले पेश गरेको विवरण ठिक साँचो छ , झुठ्ठा ठहरेमा प्रचलित कानून बमोजिम सजाय भोग्न तयार छु।

नाम, थर ..........................................................उमेर........................लिंग ......................

ठेगाना :

स्थायी ठेगाना : जिल्लाः .................... गाउँपालिका : ......................., वडा नं. ........................टोल : ............

अस्थायी ठेगाना : जिल्लाः .................... गाउँपालिका : ......................., वडा नं. ........................टोल : ............

सम्पर्क टेलिफोन वा मोवाईल नं. : .............................

संरक्षकको/अभिभावकको नाम थर ........................................... निवेदकको नाता ..........................

संरक्षक/अभिभावकको टेलिफोन वा मोवाईल नम्वर ...........................................................

नेपाल सरकारको परिभाषा र वर्गिकरण अनुसार अपांगताको प्रकार ......................................

शरिरको अंग, संरचना, प्रणालीमा आएको क्षतिको विवरण

.................................................................................................................................

क्षति भए पछि दैनिक क्रियाकलापमा भएको अवरोध वा सिमितताको विवरण

....................................................................................................................................................................

....................................................................................................

अपांगताको कारण (उपयुक्त स्थानमा चिन्ह लगाउने )

क) रोगको दीर्घ असर ख) दुर्घटना ग) जन्मजात घ) सशस्त्र द्धन्द्ध ङ) वंशानुगत कारण च) अन्य

. सहायक समाग्री प्रयोग गर्ने आवशयक्ता भएको वा नभएको। उपयुक्त स्थानमा चिन्ह लगाउनु होस।

(क) भएको (ख) नभएको

आवश्यक्ता भएको भए कस्तो प्रकारको सहायक सामग्रीको प्रयोग गर्नु पर्ने हुन्छ ?

अन्य व्यक्तिको सहयोग विना कस्ता कस्ता दैनिक कार्य गर्नु सक्नु हुन्छ ?

क) ............................................ख).......................................ग)...............................

घ)........................................

अन्य व्यक्तिको सहयोग लिनु हुन्छ भने कुन कुन कामको लागि लिनु हुन्छ ?

क)..................................ख) ............................................ग) ............................

पछिल्लो शैक्षिक योग्यता

क) प्राथमिक तह ख) निम्न माध्यमिक तह ग) माध्यमिक तह घ) उच्च माध्यमिक तह ङ) स्नातक तह

(चं स्नातकोत्तर तह (छ) विद्यावारिधि तह

कुनै तालिम प्राप्त गर्नु भएको भए मुख्य तालिमहरुको नाम लेख्नुहोस।

..................................................................................................................................

हालको पेशा :

(क) अध्ययन (ख) कृषि व्यवसाय (ग) स्वरोजगार (घ) अध्ययन (ङ) सरकारी सेवा (च) निजी क्षेत्र (छ) अन्य

निवेदकको नाम, थर............................

हस्ताक्षर :

मिति .........................................

अनुसूचि २

अपांगता भएका व्यक्तिको परिचयपत्रको

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

परिचय पत्र नम्वर :

परिचयपत्रको प्रकार :

अपांगता परिचय पत्र

(१) नाम, थर:

(२) ठेगाना: प्रदेश : ................, जिल्ला ......................., स्थानीय तह : ..........................

(३) जन्म मिति: ................................ (४) नागरिकता नम्वर : ................................

(५) लिंग....................... (६) रक्त समूह ......................................

(७) अपांगताको किसिम प्रकृतिको आधारमा .................................गाम्भिर्यता

(८) बावु/आमा वा संरक्षकको नाम, थर.......................................................

(९) परिचय पत्र बाहकको दस्खतखत:

परिचयपत्र प्रमाणित गर्नेको

नाम, थर : ..................

हस्ताक्षर : ...................

पद : ........................

मिति : ..........................

यो परिचयपत्र कसैले पाएमा नजिकको प्रहरी कार्यालय वा स्थानीय तहमा बुझाई दिनु होला ।

---

**मितिः२०७५।१०।२४**

**आज्ञाले**
**करुणाकर पन्त**
**प्रमुख प्रशासकीय अधिकृत**